कागेश्वरी मनोहरा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं।

कागेश्वरी मनोहरा नगरपालिका नियामक रहेको एवं प्रदेश अन्तर्गत संचालित सहकारी संस्थाहरुलाई दुई(२) दिने पर्ल्स (PEARLS), MCI तथा वित्तिय विश्लेषण तालिम

मितिः२०८०/१०/०५

प्रतिवेदक : विश्वास ज्ञवाली

सहकारी शाखा प्रमुख

१. पृष्ठभूमीः

कागेश्वरी मनोहरा नगरपालिकाको सभा हलमा आयोजना गरीएको दुई दिने पर्ल्स, MCI तथा वित्तिय विश्लेषण तालिम कार्यक्रमको अध्यक्षता नगरपालिकाको नगर उप-प्रमुख श्री शान्ता थापा ज्यूले गर्नुभएको थियो।साथै कार्यक्रममा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री सागर मिश्र ज्यू, सहकारी प्रशिक्षण केन्द्र बाट पशिक्षक श्री नविन मैनालि ज्यू, सहकारी संस्थाबाट पाल्नुहुने अध्यक्ष ज्यू तथा कर्मचारीहरु र यस न.पा. को कर्मचारीहरु समेत गरी दुई दिने पर्ल्स , MCI तथा वित्तिय विश्लेषण तालिममा उल्लासजनक उपस्थिति रहेको र यस कार्यक्रमको समापन नगर प्रमुख श्री उपेन्द्र कार्की ज्यूले गर्नुभएको थियो।

२. पर्ल्स (PEARLS) तालिमको उद्देश्यः

कागेश्वरी मनोहरा नगरपालिकाले सम्पन्न गरेको सम्बन्धी पर्ल्स तालिम कार्यक्रमको उद्देश्य यस प्रकार रहेको थियो।

- सहकारीमा पल्स प्रणालीले सहकारीमा भविष्यमा आउने चुनौती रोक्नका लागि वर्तमानमै धेरै सुझाव दिने भएकाले।
- वित्तिय क्षेत्रमा बृद्धि गर्न।
- यो एक वित्तीय अनुपात वा सूचांकहरूको समूह हो जसले विभिन्न वित्तीय संस्थाहरूबीच विशिष्टीकरण वा तुलना गर्न मद्दत गर्न ।
- पल्स एउटा वित्तीय क्षमता सुपरीवेक्षण गर्ने पद्दति हो जुन बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको व्यवस्थापनलाई मार्ग निर्देशन गर्न।
- सुपरीवेक्षक औजारको रूपमा लिन सकिन्छ जसको सहायताद्वारा सहकारीहरूको तह निर्धारण गर्न र तुलना गर्न सकिन्छ ।
- पल्स को मद्दतबाट दुई भिन्न प्रकृतिका सहकारी संस्थाहरूको तुलना गर्नका साथै सहकारी संस्थामा रहेका कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न
- सहकारी संस्थाहरुको उपलब्धी एवं समस्याबारे जानकारी तथा छलफल।

३. कार्यक्रम मितिः**२०८०/१०/०४ र २०८०/१०/०५ गते**

४. कार्यक्रम सम्पन्न स्थानः कागेश्वरी मनोहरा नगरपालिका को सभाहल।

५. कार्यक्रम सम्पन्न समयः बिहान १०:०० देखि ४:३० बजे सम्म

६. कार्यपत्र प्रस्तुतकर्ताः

क्र.सं.	नाम	कार्यालय/ठेगाना	पद	योग्यता	तालिम
१	नविन मैनाली	सहकारी प्रशिक्षण केन्द्र, नयाँ वानेश्वर	प्रशिक्षक (अधिकृतस्तर)	दक्ष	२ दिने पर्ल्स (PEARLS),MCI र वित्तिय विश्लेषण तालिम

७. समिक्षा क्रियाकलापः

क) कार्यक्रम क्रियाकलापः

क्र.सं.	कार्यक्रम	क्रियाकलाप
१	**अध्यक्षता,**	नगर उप-प्रमुख श्री शान्ता थापा ज्यू
२	**स्वागत मन्तव्यः**	प्रमुख प्रशासकीय अधिकृत, श्री सागर मिश्र ज्यू
३	**समुद्घाटन**	कार्यक्रमको समुद्घाटन व्यानर वाचन गरेर नगर उपप्रमुख श्री शान्ता थापा ज्यू द्वारा गरियो।
४	**प्रस्तुतिकरणः**	- श्री विश्वास ज्ञवाली, सहकारी शाखा प्रमुख
५	**मन्तव्य**	- नगर प्रमुख श्री उपेन्द्र कार्की - नगर उप-प्रमुख श्री शान्ता थापा ज्यू - प्रमुख प्रशासकीय अधिकृत, श्री सागर मिश्र ज्यू
६	**प्रमाण पत्र वितरण**	प्रशिक्षक ज्यू र सहकारी संस्थाबाट पाल्नहुने पदाधिकारी तथा कर्मचारीलाई कदर पत्र र प्रमाण पत्र वितरण गरयो।
७	**धारणा व्यक्त**	सहभागीहरुबाट प्रशिक्षण सम्बन्धी भारणा व्यक्त।
८	**समापन**	नगर प्रमुख ज्यू बाट निर्देशन सहित समापन गरियो।

क्र. सं	वक्ता	धारणा
१.	**सागर मिश्र (प्रमुख प्रसाशकीय अधिकृत)**	- सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी नीति, नियम तथा ऐन अनुरुप संचालन गर्न निर्देशन। - सहकारीमा पल्स प्रणालीले सहकारीमा भविष्यमा आउने चुनौती रोक्नका लागि साथै आफ्नो सहकारी संस्था को स्थिति कस्तो छ भनेर मापन गर्न यो तालिमले सहयोग पुऱ्याउने र यसले वित्तीय क्षमता सुपरीवेक्षण गर्ने पद्दति भएकाले सहकारी संस्थाहरूको व्यवस्थापन गर्न सहयोग पुऱ्याउका साथै संस्थामा सहकारी नीति, नियम तथा ऐन अनुरुप संचालन गर्न मार्ग निर्देशन दिनुका साथै सबै सहभागीहरुलाई स्वागत गर्नु भयो।
२.	**शान्ता थापा नगर उप-प्रमुख**	- सहकारी संस्था को स्थिती कस्तो छ भनेर मापन गर्न यो तालिमले सहयोग पुऱ्याउने र यसले वित्तीय क्षमता सुपरीवेक्षण गर्ने पद्दति भएकाले सहकारी संस्थाहरूको व्यवस्थापन गर्न सहयोग पुऱ्याउका साथै संस्थामा सहकारी नीति, नियम तथा ऐन अनुरुप संचालन गर्न मार्ग निर्देशन दिनुभयो।
३.	**नविन मैनाली प्रशीक्षक सहकारी प्रशिक्षण**	- **सहकारी ऐन, निति, नियम, सिद्धान्त बारे जानकारी** - सदस्य केन्द्रियता सूचाङ्क **Member Centered Index (MCI)** - सहकारी संस्थाको वित्तीय स्रोत परिचालन तथा कोष व्यवस्थापन - पर्ल्स (Pearls) को परिचय,सैद्धान्तिक आधार, विकास क्रम, PEARLS INDICATORS - **P = Protection (सुरक्षण)** - **E = Effective Financial Structure (प्रभावकारी वित्तिय संरचना)** - **A = Asset Quality (सम्पत्तिको गुणस्तर)** - **R = Rate of Return & Cost (प्रतिफल दर तथा लागत)** - **L = Liquidity (तरलता)** - **S = Sign of Growth (बृद्धिको संकेत)**
४.	**उपेन्द्र कार्की (नगर प्रमुख)**	- पर्ल्स (Pearls) सहकारी संस्थाको वित्तिय क्षेत्रको मापन गर्ने औजार भएकाले यो तालिम पश्चात सहकारी संस्थामा आफ्नो संस्थाको स्थान मापन गरी संस्थाको वित्तिय क्षेत्रमा बृद्धि गर्नका लागि उत्प्रेरणा जगाउने निर्देशन दिनुका साथै प्रत्येक सहकारी संस्थाहरुले एक व्यवसाय तथा उद्यमशीलता विकासका लागि व्यवसाय प्रर्वद्धन योजना अन्तर्गत कुल बचतको ५% प्रतिशत रकम सहुलियत कर्जामा व्यवसाय प्रर्वद्धन क्षेत्रहरु छुट्टाई प्रस्ताव पेश गर्न निर्देशन दिनुभयो।

८. निष्कर्षः

- यस कार्यक्रमको मूल उद्देश्य सहकारी संस्थामा आर्थिक कारोबारको व्यवस्थित गर्न र सहकारी संस्थाको वित्तीय अनुपात वा सूचांकहरूको समूहलाई विभिन्न वित्तीय संस्थाहरूबीच विशिष्टीकरण वा तुलना गर्न मद्दत गर्नका साथै यो वित्तीय क्षमता सुपरीवेक्षण गर्ने पद्दति भएकाले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको व्यवस्थापनलाई मार्ग निर्देशन दिई पल्स अनुगमन प्रणालीलाई एक सुपरीवेक्षक औजारको रूपमा लिन सकिने भएकाले सहकारीहरूको तह निर्धारण गर्न लगाएत संस्थाको वित्तिय क्षेत्रमा बृद्धि गर्नका लागि यो तालिमले अमूल्य भुमिका खेल्दछ। यसको मद्दतबाट दुई भिन्न प्रकृतिका सहकारी संस्थाहरूको तुलना गर्न पनि सकिने भएकाले सहकारी संस्थाले आफ्नो सहकारी संस्थाको स्थिति कहाँ छ भनेर सजिलै मापन गर्न मद्दत पुऱ्याउनेछ। सहकारी संस्थामा ऐन, नियम, निर्देशिका अनुरुप संचालन गर्न सहभागिहरुलाई उत्प्रेरणा जगाउने काम सम्पन्न भएको छ। कागेश्वरी मनोहरा नगरपालिकामा रहेको सहकारी संस्थाहरुलाई नमूना योग्य छाप छोड्न तथा यस किसिमको सहकारी तालिम कार्यक्रमले सहकारी संस्थाहरुलाई साख वृद्धि गरी कार्यक्रम संचालनको क्रममा उठेका सवाल तथा सुझावहरुलाई आत्मासाथ गरी आगामी दिनमा संचालन गरिने कार्यक्रम उत्प्रेरणा, प्रोत्साहन जगाउने काम भएको छ।

कार्यक्रमका केही झलकहरुः



RATE OF RETURN AND COST

कागेश्वरी मनोहरा नगरपालिका


OF GROWTH
S11=
(S11=७.५ प्रतिशत वा सो भन्दा



Key PEARLS Indicators		Standards of Excellence
P1.	Allowance for Loan Losses/Delinquency > 12 months	100%
P2.	Net Allowance for Loan Losses/Delinquency of 1-12 months	35%
E1.	Net Loans/Total Assets	70%-80%
E5.	Savings Deposits/Total Assets	70%-80%
E6.	External Credit/Total Assets	Maximum 5%
E9.	Net Institutional Capital/Total Assets	Minimum 10%
A1.	Total Loan Delinquency/Gross Loan Portfolio	<= 5%
A2.	Non-Earning Assets/Total Assets	<= 5%
R7.	Total Interest (Dividend) Cost on Shares/Average Member Shares	Market Rates >= R5
R9.	Total Operating Expenses/Average Total Assets	5%
R12.	Net Income/Average Total Assets	Linked to E9
L1.	ST Investments + Liquid Assets – ST Payables/Savings Deposits	Minimum 15%
S11.	Growth in Total Assets	> Inflat

NOTE: If there is a difference between the PEARLS *standards of excellence* and a country's national standards of performance, then WOCCU encourages its credit union partners to opt for the more conservative of the two standards.

सूचकहरू


PROTECTION
P1 = कर्जा जोखिम कोष (ऋण हानी व्यवस्था) / १ वर्षभन्दा बढि भाखा नाघेका ऋण X१००
(P1= १०० प्रतिशत हुनुपर्दछ)


PEARLS
नविन मैनाली
सहकारी प्रशिक्षक
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र